## गाउँ सभाका सदस्यहरु तथा अतिथि महानुभावहरु

विश्व महामारीको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको दोस्रो लहर कोभिड १९(कोरोना भाइरस) को महामारीको चपेटामा परिरहेको चुनौतीपूर्ण र असहज अवस्थामा आज यस सभाको बैठकलाई सम्वोधन गर्दैछु ।

नेपालको सार्वभौमसत्ता स्वाधीनता भौगोलिक अखण्डता राष्ट्रिय हित स्वाभिमान लोकतन्त्र र जनजीविकाका लागि भएका जनयुद्ध, जनआन्दोलन र विभिन्न समयमा भएका जनसंघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता,राष्ट्रिय हित एवंम् न्यायपूर्ण संघर्षको नेतृत्व गर्नु हुने अग्रजहरुप्रति उच्च सम्मान गर्दै नेपाली समाजको रुपान्तरणमा सहयोग पुप्याउनु हुने राजनीतिक दल, बुद्धिजिवी, समाजसेवी, व्यापारी,व्यवसायी, पत्राकार, पेशाकर्मी, शिक्षकवर्ग, राष्ट्रसेवक कर्मचारी लगायत अन्य सबै महानुभावहरुको योगदानको स्मरण गर्न चाहन्छु । यस अवसरमा घाइते र वेपत्ता नागरिकहरुलाई सम्मान अर्पण गर्दछु ।

कोरोना भाइरसवाट सिर्जित विश्वव्यापी महामारीका कारण उत्पन्न असहज परिस्थिती र बन्दावन्दी बीच आज म आर्थिक वर्ष २०७८।७९ को नीती तथा कार्यक्रम यस गरिमामय सभा समक्ष सम्वोधन गरिरहदा जनताको जीवन रक्षा र मुलुकको आर्थीक सामाजिक जीवन सुरक्षाको प्रश्नले अत्यन्त गंभीर भएको छु ।



२०७८।३।१५
वीर बहादुर घर्ति
गा.पा.अध्यक्ष

कोभिड -१९ महामारीका कारण मानव जातिमाथि शताव्दीकै सवैभन्दा ठूलो सङ्कट पैदा भएको छ ।विश्वस्तरमै यस महामारीविरुद्ध लड्न मौजदा स्वास्थ्य सेवा र सुविधाहरु अपर्याप्त देखिएका छन् । यस महमारीबाट लाखौ मानिसको ज्यान गइसकेको छ , अरु लाखौ सङ्कमित छन् । साथै कोभिड -१९ को संक्रमण बाट उच्च सर्तकता अपनाउदै यस बाट कोहि पनि नआत्ति धैर्यताका साथ कोरोना भाईरस बिरुद्धको लडाई जित्न सवैं थवाङबासी समुदायमा हार्दिक अपिल गर्दछु।

कोभिड १९ का कारण विश्वभर संकट पैदा हुनुका साथै उल्लेख्य रुपमा जनधनको क्षेती भएको छ । यस महामारीका कारण अहिलेसम्म ज्यान गुमाउनु हुने सवै व्यक्तिहरुप्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै महामारीबाट संक्रमित सम्पुर्ण दिदिबहिनी तथा दाजुभाईहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

पूर्ण सामर्थ्यकासाथ यस गाउँपालिकामा कोभिड १९ नियन्त्रण तथा उपचारमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न राजनितिक दल ,जनप्रतिनिधि,निजीक्षेत्र, सामुदायीक संघ सस्था ,संचारक्षेत्र लगायत यस गाउँपालिकामा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मी,सुरक्षाकर्मी,कर्मचारीहरुको उच्च लगाब मेहनत र कार्य कुशताका कारण यस गाउँपालिकामा हालसम्म कोरोना भाइरसको कारण बाट केही व्यक्ति संक्रमण भएता पनी यसको उचित रोकथाम र नियन्त्रण गरी यसबाट हुने मृत्युदर एकदमै कम भई कोभिड-१९ रोकथाम र नियन्त्रणमाउच्च सफलताको लागि सम्पूर्ण राजनितिक दल, जनप्रनिधिहरु



२०७८।३।१२
बीर बहादुर घर्ति
गा.पा.अध्यक्ष

कर्मचारीहरु,स्थानीयवासी ,सञ्चार क्षेत्र र यस महामारीको रोकथाम तथा नियन्त्रणको लागि पूर्व मन्त्री माननीय श्री वर्षमान पुन लगायत देश विदेशबाट स्वास्थ्य सामग्री उपलब्ध गरी सहयोग गर्नु हुने सम्पूर्णलाई सहयोगको उच्च मुल्याकन गर्दै उहाँहरुको काम र मेहनतको लागि स-धन्यबाद प्रकटका साथ सम्मान व्यक्त गर्दै यस सभामा जानकारी गराउन चाहन्छु ।

**गाउँ सभाका सदस्यहरु तथा अतिथि महानुभावहरु,**

स्थानीय थवाङ सरकारले कोभिड १९को रोकथाम रनियन्त्रणको लागि आवश्यक पर्ने स्वास्थ्यउपकरण तथा औषधीको आपूर्तीको व्यवस्था मिलाईएको छ।यस गाउँपालिकाको झकेंवाङमा२० शैयाको कारोना अस्थायी अस्पताल निर्माण गरी यसलाई सन्चालनमा ल्याईएको यस सभामा जानकारी गराउँन चाहन्छु ।

**गाउँ सभाका सदस्यहरु तथा अतिथि महानुभावहरु,**

स्थानीय सरकार स्थापना भएबाट हालसम्म संचालन तथा सम्पादन गरिएका कार्यहरुबाट स्थानीयकानुनी आधार निर्माण, प्रशासनिक व्यवस्था,र योजना प्रणाली लगायतका क्षेत्रहरुमा कार्यपद्धति निर्माण भैसकेकाले अगामी आर्थीकवर्षमा जनअपेक्षाअनुरुप सेवा प्रबाह र बिकास निर्माणका कार्यहरुलाई तिव्रता दिदै **"समृद्ध थवाङ ,खुसी जनता"** को सोच र लक्ष्य हासिल गर्ने कुरामा विश्वास गरेको छु ।

थवाङ गाउपालिका रोल्पा जिल्लाकै एकदमै बिकट र उच्च पहाडी भु भागमा रहेको ठाँउ भएकोले हिउँदमा उच्च हिमपात

त कहिले खडेरी हुने र वर्षामा एकदमै बाढी ,पहिरोको जोखिम हुने भएकाले यातायात लगायित दैनिक कार्य सन्चालनमा समस्याहरुको सामाना गर्नुपर्ने अबस्था रहेको छ ।यस गाउँपालिकामा एकातिर उच्च हिमपात बाढि पहिरो भने अर्कोतर्फ कोभिड १९ को महामारीको अवस्थाबाट मुलुक हालसम्मको बन्दाबन्दीको अवस्था रहेता पनि थवाङ गाउँपालिकाले आर्थीक वर्ष २०७७।७८ को कार्यक्रम/आयोजनाहरु तथा यस कार्यालयबाट प्रदान गर्ने सेवाहरु करिब ८० प्रतिशत काम सम्पन्न भएको यस गरिमामय सभामा जानकारीगराउँन चाहन्छु ।साथै यस गाउँपालिकाबाट प्रदान गरिने कतिपय निर्माणका कार्यहरु मौजुदा ऐन ,नियम , समन्वय र समयमै सम्झौता नहुने विषयले निर्माणका काम तोकिएको समयभित्र सम्पन्न हुन नसक्ने समस्या रहेको यस सभामा जानकारी गर्दछु ।

लोकतन्त्रले समाजिक न्याय ,समानता सहकार्य र सहअस्तित्व समाजिक सद्भाव तथा समृद्धिसहित राष्ट्रिय एकतालाई अझै बजबुद तुल्याउँछ ।यसर्थ थवाङ सरकार जनताको आकाङ्क्षा र आवश्यकतालाई सम्वोधन गर्दै जनभावना अनुरुप लोकतन्त्रलाई सुदृढ र विकास गर्न प्रतिबद्ध छ ।

**गाउँ सभाका सदस्यहरु तथा अतिथि महानुभावहरु,**

यस स्थानीय सरकारबाट निर्माणाधिन आयोजनाहरुमाथवाङ गाउँपालिका प्रशासनीक भवन निर्माण कार्य ,१५ शैयाको अस्पताल निर्माण कार्य,श्री वीर बलभद्र नमूना माध्यामिक विद्यालयको भवन निर्माण कार्य, बैकल्पीक उर्जा र



वीर बहादुर घर्ति
गा.पा.अध्यक्ष

Scanned with CamScanner

गाउँपालिकाको साझेदारीमा सन्चालीत १५० किलावाटको सौर्यमिनी ग्रीड सन्चालनमा आएको,थवाङ युद्ध स्मारक तथा संग्राहलय पार्क,सिडी, कम्पाउड निर्माण,नेपाल राष्ट्रिय आधारभुत विद्यालयको भवन निर्माण कार्य, मरान्थाना सिडि निर्माण,मिरुल काफलडाँडा ठुलोगाउँ खानेपानी निर्माण , थवाङ ठुलोगाउँ खानेपानी निर्माण,सान्दापानी खानेपानी निर्माण, दह्वाङ सिचाइ योजना निर्माण, उन विकासको लागि भेडा वितरण कार्यक्रम सन्चालन भएको ,ओखर स्याउ विरुवा वितरण लगायतका कार्य़क्रम /आयोजना हरु उदाहरणीय बन्ने कुरामा संङ्का छैन ।यसर्थ चालु आर्थिक वर्ष २०७७।७८ को निति तथा कार्यक्रमहरु अपेक्षित समस्याका बावजुद पनि सफल रहेको कुरामा बिश्वास व्यक्त गर्दछु।

थवाङ गाउपालिकाको दिगो विकास तथा शुसासनको लागि बनाएको मर्मत संभार सम्बन्धी कार्यविधि, कृषि अनुदान ऐन, घाइते जेष्ठनागरिक सम्बन्धी कार्यविधि, विपद् व्यवस्था, स्वास्थ्य लगायतका विविध कार्यविधिहरुको साथ आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र, वातावरण तथा विपद व्यवस्था र वन सम्बन्धी कार्य,. संचार क्षेत्रमा भएको पहल, संस्थागत विकास, मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमसँगकोसाझेदारीकार्यक्रमहरु र विभिन्न संघ संस्था, प्रदेश सरकार,संघिय सरकारबाट प्राप्त कार्यक्रमहरु कार्यान्वयन भएका छन् ।

यस अवस्थामाप्रदेश सरकार,नेपाल सरकारबाट यस संकटको घडिमा पनि विविध समयमा परिपत्र,निर्देशन लगायत प्रत्यक्ष



२०७८।१।३
बीर बहादुर घर्ति
गा.पा.अध्यक्ष

Scanned with CamScanner

अप्रत्यक्ष रुपमा भैतिक प्राविधिक तथा आर्थिक सहयोग गरी यस गाउँपालिकालाई अगाडि बढ्नको लागि थप उर्जा प्रदान गरेकोमा प्रदेश सरकार र नेपाल सरकारलाई हार्दिक आभार व्यक्त गर्दछु ।

**गाउँ सभाका सदस्यहरु तथा अतिथि महानुभावहरु,**

"**समृद्ध थवाङ खुसी जनता** को राष्ट्रिय आकाङ्क्षा पुरा गर्न महामारीका कारण समग्र समाजिक आर्थिक पक्षमा परेको प्रतिकुलतालाईसमेत सम्वोधन गरी थवाङ सरकारले देहायका रणनितीक आधार र पक्षहरुलाई ध्यानमा राखी यस गरिमामय सभाकोनवौअधिवेशनमा थबाङ गाउँपालिकाको आ.व. *२०७८।७९*को नीति कार्यक्रम तर्जुमा गरी सम्बोधन गर्न पाउदाँ मलाई गौरव अनुभुति भएको छ ।

अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष **२०७८/७९** को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

## *आर्थिक विकास तर्फ*

"फलफूल खाउँ स्वस्थ्य रहौं" उद्देश्यका साथ "एक घर एक विरुवा" कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषी उत्पादनको लागि सम्भाव्यता अघ्ययन गरी ,गुरुयोजन वनाई पकेट र व्लक क्षेत्र घोषण गरिनेछ ।ओखर, हलुवावेद, स्याउ, किवि, टिमुर,कागती,कागजी बदाम लगायतका फलफूल उत्पादनमा जोड दिइनेछ । नर्सरी उत्पादन ,अन्न बाली,पशुपालन विकास, पशु नश्ल सुधार, गोठ सुधार कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । पक्षुआहारको लागि साइलेक्सपिक योजनालाई अगाडि



२०७८।३।१२
वीर बहादुर घर्ति
गा.पा.अध्यक्ष

बढाइनेछ ।कृषी समुह तथा कृषी दर्ता कार्यलाई निरन्तरता दिइनेछ । दर्तावाला फर्म,कृषी समुह,सरकारी कृषीमा आधारित अनुदान कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।घोषित आलुपकेट ,आलु ब्लक कृषी स्माट कार्यक्रमहरुलाई निरन्तरताको लागि प्रदेश संघ सँग समन्वयकारी भुमीकालाई जोड दिइनेछ ।कृषी अनुदानमा आधारीत कार्यक्रमहरुको प्रभावकारीताको लागि नियन्त्रण ,अनुगमन र नियमन कार्यलाइ जोड दिइनेछ । युद्ध स्मारक तथा संग्राहलय गूरुयोजना मुतावीक को कार्य गर्ने व्यवस्थालाई व्यवस्थित गरिनेछ । यस गाउँपालिकामा अवस्थित सयौं गन्तव्यको एक गन्तव्यका रुपमा परिचितधार्मीक तथा पर्यटकीय क्षेत्रका रुपमा रहेको जलजला पर्यटकीय क्षेत्रको पर्यटन प्रर्वद्धनको लागि निजि क्षेत्र, सहाकरी क्षेत्र ,तथा संघ,प्रदेश सरकार सँगको सहकार्यमा पर्यटन प्रर्वद्धनमा जोड दिईनेछ गरिनेछ ।

## सामाजिक क्षेत्र तर्फ

ग्लोवल सिटिजन निर्माणको लागिप्रबिधिमैत्री शिक्षा सामुदायीक विद्यालयहरुमा कक्षा ९ देखी कक्षा १२ सम्म लागु गरिनेछ । प्रबिधिमा आधारित शिक्षाको लागि शिक्षामा गुणस्तर बढाउन विभिन्न प्रकारका तालिम,शिक्षण सिकाईका कार्यक्रमहरु गरिनेछ । बाल शिक्षामा जोड दिइने छ । गाउँपालिकाबाट दायीत्व सिर्जना गरिएका बालविकास केन्द्रका सहजकर्ताको लागि मासिक रु २००० का दरले तलब बृद्धी गरेनेछ । विद्यालय खेल मैदान, विद्यालय भवन निर्माण, बालबालिका मैत्री शौचालय निर्माणका योजनाहरुलाई निरन्तरतादिइनेछ ।गाउँपालिका



वीर बहादुर घर्ति
गा.पा.अध्यक्ष

अर्न्तागतका आधारभुत सामुदायीक विद्यालयहरुमा आर्थिक वर्ष २०७८।८९ सम्ममा इन्टरनेट सञ्चालन गरिनेछ ।

**गाउँ सभाका सदस्यहरु तथा अतिथि महानुभावहरु,**

निशुल्क वितरण गरिने औषधीहरु सर्वसुलभ उपलब्धताको सुनिश्चितता गरिने छ । बालमैत्री, पूर्ण खोप, सरसफाईमा जोड दिइने छ । गर्वभती महिलाहरुका लागि निशुल्क भिडियो एक्सरे र ल्याब परिक्षण कार्यक्रमलाई निरन्तर दिइनेछ ।वर्थीङ सेन्टरमा सुत्केरी हुन आउने सुत्केरीआमाको लागिरु २००० का दरले दिईने यातायता सुबिधालाई निरन्तरता प्रदान गरिनेछ । बालबालिका, दलित, अपाङ्ग, जेष्ठनागरिक, आर्थिक रुपमा पछाडि परेका वर्गका लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिने छ ।जेष्ठनागरिक, अपाङ्ग तथा एकल महिलाको परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ । थबाङ गाउँपालिकाको लोपउन्मुखकला संस्कृतिलाई प्रवर्द्धन र संरक्षणमा जोड दिइनेछ ॥ खेलकुद विकासका लागि विभिन्न खेलकुद कार्यक्रमहरुमा जोड दिइने छ । गाउँपालिका कपलाई निरन्तरता दिइनेछ । “स्वच्छ पानी, स्वस्थ जिवन” भन्ने नाराका साथ एक घर एक धारा खानेपानी योजना कार्यक्रमलाई निरन्तरता दिइने छ ।

**पूर्वाधार विकास तर्फः**

।जनअपेक्षित आयोजनाहरुको प्राथामिकीकरण गरी अगाडी बढाइनेछ ।प्रदेश,संघ बाट सन्चालित सडक निर्माण योजना,वन बातावरण सम्वन्धि कार्यक्रमहरुको निरन्तरतामा



Scanned with CamScanner

जोड दिइनेछ । निर्माणाधिन भवन निर्माण,सडक निर्माण,खानेपानि निर्माण कार्यहरुलाई निरन्तरता दिइनेछ ।सुलीचौर फुलीवन उवा थवाङ मोटरबाटो र मिरुल थवाङ शहिद मार्ग बाटो अवरुद्ध कार्यलाई खोल्न पहल गरिनेछ । तत्काल गाउँपालिकामा सन्चालित योजनाहरु भवन निर्माण मोटरबाटो खानेपानि ,पुल, पैदलबाटो( सोलीङ,सिडि),शौचालय,ढल निकास लगायतका पूर्वाधार निर्माण कार्यलाइनिरन्तरता दिइनेछ ।प्रदेश सघ बिभिन्न संघ, सस्था र दातृ निकाय सँगको साझेदारी कार्यक्रमहरुको सहकार्यमा जोड दिइनेछ ।उज्यालो कार्यक्रमको लागि विद्युतीय प्रसारणको सवस्टेशन राख्न जोड दिइने छ । वैकल्पिक उर्जा र गाउँपालिकाको साझेदारीमा सन्चालित १७ किलो वाटको मिनिग्रीड सौर्य उर्जाचिटिवाङलाई सन्चालनमा ल्याईनेछ ।लघु जलबिद्युतमर्मत कार्यहरुलाई अगाडि बढाइनेछ ।पूर्वाधार,सामाजिक क्षेत्रलाइ वल पुग्ने गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी गराँनेछ।

**वन, वातावरण तथा विपद् व्यवस्था तर्फ :**

"विपद सबैलाई पर्छ, हामी जुटे सजिलै टर्छ" भन्ने मान्यता अनुसार विपद व्यवस्थापन कोषलाई व्यवस्थीत गरिनेछ ।कोभिड १९ को महामारी जोखिम नियन्त्रण तथा न्युनिकरणमा जोड दिइनेछ । वन संरक्षण, जलवायु अनुकुलन, र वातावरणीय दिगो विकासका कार्यक्रमलाई अगाडी बढाइने छ ।वन तथा भूसंरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । पहिरो, नदिकटान



वीर बहादुर घर्ति
गा.पा.अध्यक्ष

Scanned with CamScanner

रोक्न आवश्यक तटबन्धनका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ । फोहोरमैला व्यवस्थापन कार्यलाई अगाडि बढाइने छ । तालतलैया संरक्षण र निर्माण कार्यलाई अगाडि बढाइने छ ।

**सुशासन तथा संस्थागत विकास तर्फ :**

मानव संसाधन सम्बन्धी त्रियाकलापहरुलाई व्यवस्थित गरिने छ ।गाउँपालिका र वडा कार्यलयहरुमा सार्वजनिक सुनुवाईको व्यवस्था गरिनेछ ।गुनासो सुनुवाई गर्न वडा कार्यलयहरुमा गुनासो संयन्त्र निर्माण गरिनेछ । ज्येष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षाको कार्यक्रम अन्तर्गत लाभग्राही विवरण अनलाइनलाई अद्यावधि गर्न निरन्तरता दिइने छ ।स्थानीय तहको शासन र प्रशासन संयन्त्रलाई समावेशी र सेवामुखी बनाउनेमा जोड दिइनेछ । सरकारी सेवा प्रदायक निकायको दक्षता, जबाफदेहिता, पारदर्शिता, प्रभावकारिता शासन सुनिश्चित गर्न विभिन्न रेडियो, पत्रिका, अनलाइन र मोबाइल एप्स मार्फत सुचना प्रवाहलाई जोड दिइनेछ।पहिलो कार्यकालमा स्थानीय सरकारले गरेका महत्वपूर्ण कामहरुको दस्तावेज भिडियो डकुमेन्टी निर्माण परियोजन बनाईनेछ ।

अन्तमा लामो संघर्षपछि प्राप्त संघीय व्यवस्थामा निर्दृष्ट उपलब्धीहरुलाई संस्थागत गर्ने कुरा थबाङ गाउँपालिकाको समृद्धिको यात्रा यसै नीति कार्यक्रमद्धारा सम्भव हुने कुराको म विश्वास गर्दछु ।

धन्यवाद ।

वीर बहादुर घर्ति



Scanned with CamScanner